स्थानीय सरकार
Local Government
पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं. २०८३/०८४
च.नं.

मितिः २०८३/०५/२५
ने.स.११४६

प्रेस विज्ञप्ति

मिति २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी, त्रिशुली लगायतका नदीहरुमा आएको अकल्पनीय विनासकारी बाढीको कारण रसुवा, नुवाकोट, धादिङ्ग लगायतका क्षेत्रमा ठूलो धनजनको क्षतिप्रति पथरी शनिश्चरे नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ।
यस महाविपत्तिमा जीवन गुमाउनहुने सम्पूर्ण महानुभावप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौ, साथै पथरी शनिश्चरे नगरपालिका बसोबास गर्ने नागरिक तथा अन्य क्षेत्रका बेपत्ता नागरिकहरुको खोजी तथा उद्दार कार्यका लागि अपिल गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभ, सकुशल उद्धार तथा सुरक्षित पुनर्स्थापना सहित सहज जनजीवनको कामना गर्दछौं।
संकटको यस घडीमा बाढीबाट प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि पथरी शनिश्चरे नगरपालिकाले तपसिल बमोजिमको आर्थिक सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने मिति २०८३ भाद्र २३ गतेको नगर कार्यपालिकाबाट निर्णय भएको जानकारी गर्दछौं।

तपसिलः

सि.नं.	विवरण	रकम रु.	कैफियत
१	विपद व्यवस्थापन कोषबाट	५,००,०००/-	नगरपालिकाको विपद व्यवस्थापन कोष
२	पथरी शनिश्चरे नगरपालिका जनप्रतिनिधिहरुको तर्फबाट	१,७१,१७८/-	७ दिनको सेवा सुविधा
३	पथरी शनिश्चरे नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको तर्फबाट (नगरपालिकाबाट तलब भुक्तानी हुने नगर अस्पतालमा कार्यरत कर्मचारीहरु समेत)	११,७३,४७९/-	उपसचिव र अधिकृतस्तरको कर्मचारीहरुको ७ दिनको तलब, सहायकस्तरका कर्मचारीहरुको ५ दिनको तलब एवम् श्रेणीबिहीन/सहयोगीस्तरका कर्मचारीहरुको २ दिनको तलब
४	सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तर्फबाट	१९,५१, ५८५/-	माध्यमिक तहका शिक्षकहरुको ७ दिनको तलब, आधारभूत तहका शिक्षकहरुको ५ दिनको तलब र बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको २ दिनको तलब
५	पथरी नगर अस्पतालमा कार्यरत कर्मचारीहरुको तर्फबाट (अस्पताल व्यवस्थापन समितिबाट मात्र तलब भत्ता भुक्तानी हुने कर्मचारीहरु)	६९,६४६/-	अधिकृतस्तरको कर्मचारीहरुको ७ दिनको तलब, सहायकस्तरका कर्मचारीहरुको ५ दिनको तलब एवम् श्रेणीबिहीन/सहयोगीस्तरका कर्मचारीहरुको २ दिनको तलब
जम्मा		३८,६५,८८८/-	

"विपत्तिमा परेका नागरिकहरूको पीडामा मलहम लगाउने उद्देश्यले पथरी शनिश्चरे नगरपालिका विपद व्यवस्थापन कोष, जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक वर्गको योगदानबाट रु. ३८,६५,८८८/-/- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ। सबैको साथ र सहकार्यले नै संकटमा राहत पुग्छ।"

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद तुम्वापो
नगर प्रमुख